# अर्जुनधारा राजपत्र

## अर्जुनधारा नगरपालिकाद्वारा प्रकाशित

## खण्ड ६ , अतिरिक्ताङ्क १० , शनिश्चरे, फाल्गुण १८, २०७९ साल

### भाग १

### अर्जुनधारा नगरपालिका, नगर कार्यपालिकाको कार्यालयको सूचना

अर्जुनधारा नगरपालिकाको एघारौँ नगर सभा अधिवेशनबाट पारित भएको तल लेखिए बमोजिमको ऐन सबैको जानकारीका लागि प्रकाशन गरिएको छ।

**<u>अर्जुनधारा नगरपालिकाको आर्थिक ऐनलाई संशोधन गर्न बनेको ऐन,२०७९</u>**

<u>सभाबाट पारित मितिः२०७९/११/०३</u>

**प्रस्तावनाः** अर्जुनधारा नगरपालिकाको "आर्थिक ऐन,२०७९" लाई सामयिक संशोधन गर्न आवश्यक भएकाले,

अर्जुनधारा नगरपालिकाको बाह्रौं नगर सभाले यो ऐन बनाएको छ ।

१. **<u>संक्षिप्त नाम र प्रारम्भः</u>** (१) यो ऐनको नाम अर्जुनधारा नगरपालिकाको आर्थिक (पहिलो संशोधन) ऐन, २०७९ रहेको छ ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ ।

२. **<u>परिभाषाः</u>** (१) विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस ऐनमा,

क. "मूल ऐन" भन्नाले अर्जुनधारा नगरपालिकाको आर्थिक ऐन,२०७९ लाई सम्झनुपर्दछ ।

३. **<u>मूल ऐनमा संशोधनः</u>** (१) मूल ऐनको दफा ५ को " ....आर्थिक कारोबारको आधारमा" भन्ने वाक्यांशमा "..... आर्थिक कारोबार तथा अनुसुचीमा तोकिएको अन्य आधारमा" भन्ने वाक्यांश थपिएको छ ।

(२) मूल ऐनको अनुसुची ३ को बुँदा नं ४ मा रहेको "कम्तिमा ६ महिना" भन्ने शब्दको सट्टा "कम्तिमा १ महिना" भन्ने शब्द राखिएको छ ।

# अर्जुनधारा नगरपालिकाको स्थानीय स्वास्थ्य सेवा ऐन, २०७९

सभाबाट पारित मितिः२०७९/११/०५

**प्रस्तावनाः** नेपालको संविधानले प्रत्याभूत गरेको निशुल्क आधारभूत स्वास्थ्य सेवा तथा आकस्मिक स्वास्थ्य सेवा पाउने नागरिकको नैसर्गिक अधिकारलाई आत्मसाथ गर्दै, व्यक्तिको शारीरिक, मानसिक तथा सामाजिक विकासको लागि स्वच्छ, स्वस्थ्या एवं सुरक्षित वातावरण र गुणस्तरीय स्वास्थ्य सेवाको अपरिहार्यतालाई मनन् गर्दै, स्वास्थ्य सेवाबाट कुनै पनि नागरिक बन्चित हुने अवस्था आउन नदिन उपलव्ध स्रोत साधनको समुचित सदुपयोग गर्दै नेपालको संविधानले प्रत्याभुत गरेको निःशुल्क आधारभूत स्वास्थ्य सेवालाई स्थानीय तहमा व्यवस्थित, जनमुखी र प्रभावकारी बनाउनका लागि आवश्यक कानूनी व्यवस्था गर्न वाञ्छनीय भएकोले, नेपालको संविधानको धारा २२१ को ब्यबस्थापकिय अधिकार र धारा २२६ को कानुन बनाउन सक्ने अधिकार बमोजिम संविधानको अनुसूची ८ र अनुसूची ९ मा उल्लेखित स्थानीय तहको स्वास्थ्य सम्बन्धी अधिकारलाई कार्यान्वयन गर्न स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा १०२ बमोजिम कानूनी व्यवस्था गर्न वान्छनीय भएकोले अर्जुनधारा नगरपालिकाको बाह्रौं नगर सभाले यो ऐन बनाएको छ ।

## परिच्छेद–१

## प्रारम्भिक

१.**संक्षिप्त नाम र प्रारम्भः** (१) यस ऐनको नाम स्थानीय स्वास्थ्य सेवा ऐन, २०७९ रहेको छ ।

(२) यो ऐन नगर सभाबाट पारित भइ स्थानीय राजपत्रमा प्रकाशित भए पश्चात लागू हुनेछ ।

२. **परिभाषाः** विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस ऐनमा,

(क) “ संघीय जनस्वास्थ्य ऐन” भन्नाले जनस्वास्थ्य ऐन, २०७५ लाई सम्झनु पर्छ ।

(ख) “ ऐन” भन्नाले अर्जुनधारा नगरकार्यपालिकाको स्वास्थ्य सेवा ऐन २०७९ लाई सम्झनु पर्छ ।

(ग) “नगरपालिका” भन्नाले अर्जुनधारा नगरकार्यापालिको कार्यालय सम्झनु पर्दछ ।

(घ) “कार्यपालिका” भन्नाले अर्जुनधारा नगरपालिकाको नगर कार्यपालिका सम्झनु पर्दछ ।

(ङ) “शाखा” भन्नाले अर्जुनधारा नगरपालिकाको स्वास्थ्य शाखा सम्झनु पर्दछ ।

(च) “नगरपालिका क्षेत्र” भन्नाले अर्जुनधारा नगरपालिकाको भूभाग सम्झनु पर्दछ ।

(छ) “अनुगमन समिति” भन्नाले दफा ११ बमोजिम गठित अनुगमन समितिलाई जनाउनेछ ।

(ज) “आकस्मिक उपचार सेवा” भन्नाले आकस्मिक घटना वा आपतकालीन अवस्था परी जोखिममा रहेका व्यक्तिहरूको जीवनलाई जोखिममुक्त गर्न, कुनै अंग गुम्न वा अशक्त हुने अवस्थावाट बचाउन आवश्यकता अनुसार तत्कालै दिनुपर्ने प्रारम्भिक सेवा सम्झनु पर्छ ।

(झ) “आधारभूत स्वास्थ्य सेवा” भन्नाले आम नागरिकको स्वास्थ्य आवश्यकता पूर्तिका लारिाज्यबाट सरल र सुलभ रुपमा निःशुल्क उपलब्ध हुने नेपाल सरकारले तोकेका दफा

३ को उपदफा (२) बमोजिमका प्रबर्द्धनात्मक, प्रतिकारात्मक, निदानात्मक, उपचारात्मक र पुर्नस्थापनात्मक सेवा सम्झनुपर्छ ।

(ञ) " गैह्र सरकारी वा निजी स्वास्थ्य संस्था" भन्नाले अर्जुनधारा नगरपालिका क्षेत्र भित्र प्रचलित कानून बमोजिम सरकारको स्वीकृति र संचालन अनुमति लिई गैह्र सरकारी तथा निजी लगानी वा स्वामित्वमा संचालन गरेका स्वास्थ्य संस्थाहरुलाई सम्झनु पर्छ ।

(ट) "चिकित्सक तथा स्वास्थ्यकर्मी" भन्नाले स्वास्थ्य सेवा प्रदान गर्न प्रचलित कानुन बमोजिम चिकित्सकको रुपमा सम्वन्धित परिषदमा दर्ता भइ अनुमति प्राप्त व्यक्ति सम्झनु पर्दछ ।

(ठ) "जनस्वास्थ्य निरीक्षक" भन्नाले जनस्वास्थ्य सम्बन्धी अनुगमन नियमनको लागि तोकिएको अधिकार प्राप्त पदाधिकारी सम्झनुपर्छ ।

(ड) "फाष्ट फुड" भन्नाले अन्न, तरकारी, फलफुल, गेडागुडीहरु भुटेर, तारेर, पिसेर, प्याकिङ्ग गरिएका खाद्यपदार्थलाई सम्झनु पर्दछ ।

(ढ) "तोकिएको" वा "तोकिए बमोजिम" भन्नाले यस ऐन बमोजिम बनेका नियममा तोकिएको प्रावधान सम्झनुपर्छ ।

(ण) "सरकारी स्वास्थ्य संस्था" भन्नाले अर्जुनधारा नगरपालिका क्षेत्र भित्र नगरपालिका, प्रदेश र संघले संचालन गरेका स्वास्थ्य संस्था सम्झनु पर्छ ।

(त) "निर्देशिका" वा "कार्यविधि" भन्नाले यस ऐनको कार्यान्वयन गर्न कार्यपालिकाले जारी गर्ने निर्देशिका वा कार्यविधि सम्झनुपर्छ ।

(थ) "प्रमुख" भन्नाले अर्जुनधारा नगरपालिकाको प्रमुख सम्झनुपर्छ ।

(द) "उप प्रमुख" भन्नाले अर्जुनधारा नगरपालिकाको उपप्रमुख सम्झनुपर्छ ।

(ध) "प्रमुख प्रशासकिय अधिकृत " भन्नाले अर्जुनधारा नगरपालिको प्रमुख प्रशासकिय अधिकृतलाई सम्झनु पर्छ ।

(न) "बोर्ड" भन्नाले दफा ८ बमोजिम गठित जनस्वास्थ्य बोर्डलाई सम्झनु पर्छ ।

(प) "सेवाग्राही" भन्नाले स्वास्थ्य संस्थाबाट स्वास्थ्य सेवा लिने व्यक्ति सम्झनु पर्छ

(फ) "सेवा प्रदायक" भन्नाले मान्यता प्राप्त शिक्षण संस्थावाट स्वास्थ्य सेवाका विषयमा निश्चित योग्यता वा तालिम हासिल गरी सम्बन्धित परिषदवाट अनुमति प्राप्त स्वास्थ्य संस्थामा कार्यरत चिकित्सक तथा स्वास्थ्यकर्मी र सामुदायिक स्वास्थ्य कार्यकर्ताएवंम स्वयंसेविका सम्झनुपर्छ र सो शव्दले स्वास्थ्य सेवा प्रदान गर्ने अनुमति प्राप्त स्वास्थ्य संस्थालाई समेत जनाउनेछ ।

(ब) "स्वास्थ्य संस्था" भन्नाले प्रचलित कानून बमोजिम स्थापना भएका, इजाजतपत्र लिएका सरकारी, गैह्रसरकारी, निजी, सामुदायिक र सहकारीका रुपमा संचालित दफा ६ र ८ बमोजिमका स्वास्थ्य संस्थालाई सम्झनु पर्छ ।

(भ) “स्वास्थ्यमा प्रत्यक्ष रूपमा प्रतिकूल असर” भन्नाले सम्बन्धित गतिविधिको प्रत्यक्ष नतिजा स्वरूप पीडित पक्षको शारीरिक वा मानसिक रोग , चोटपटक, अंगभंग वा मृत्यु समेत सम्झनु पर्छ ।

(म) “शाखा” भन्नाले नगरपालिकाको स्वास्थ्य तथा सरसफाई शाखा सम्झनुपर्छ ।

(य) “अस्पताल जन्य फोहोरमैला” भन्नाले प्रवद्र्धनात्मक, प्रतिकारात्मक, उपचारात्मक, निदानात्मक तथा पुर्नस्थापनात्मक सेवा साथै स्वास्थ्य सम्वन्धी अध्ययन, अनुसन्धान आदि जस्ता क्रियाकलाप बाट उत्सर्जन भएको फोहर मैला भन्ने सम्झनु पर्दछ ।

## परिच्छेद - २

## आधारभूत स्वास्थ्य सेवा र सेवा प्रदायक

३. **आधारभूत स्वास्थ्य सेवाः** (१) कुनै पनि नागरिकलाई स्वास्थ्य सेवाबाट बञ्चित गरिने छैन । प्रत्येक नागरिकलाई गुणस्तरीय स्वास्थ्य सेवा सहज र सर्वसुलभ रुपमा प्राप्त गर्ने अधिकार हुनेछ ।

(२) नेपाल सरकारले तोकेका देहाय बमोजिमका शीर्षकका आधारभूत स्वास्थ्य सेवाहरू प्रत्येक नागरिकलाई निशुल्क प्राप्त गर्ने हक हुनेछ ।

(क) खोप सेवा ,

(ख) एकीकृत नवजात शिशु तथा बालरोग व्यवस्थापन, पोषण सेवा, गर्भवती, प्रसव तथा सुत्केरी सेवा, परिवार नियोजन, गर्भपतन, मातृ तथा नवजात शिशु बाल स्वास्थ्य सेवा, प्रजनन स्वास्थ्य सेवा,

(ग) सरुवा रोग सम्बन्धी सेवा,

(घ) नसर्ने रोग तथा शारीरिक बिकलाङ्गता सम्बन्धी सेवा,

(ङ) मानसिक रोग सम्बन्धी सेवा,

(च) जेष्ठ नागरिक स्वास्थ्य सम्बन्धी सेवा,

(छ) सामान्य आकस्मिक अस्वस्थताको सेवा,

(ज) स्वास्थ्य प्रवद्र्धन सेवा,

(झ) आयुर्वेद, होमियोपेथिक तथा अन्य मान्यता प्राप्त वैकल्पिक स्वास्थ्य सेवा, र

(ञ) नेपाल सरकारले नेपाल राजपत्रमा सूचना जारी गरी तोकेका अन्य सेवा ।

(३) नेपाल सरकारले निर्धारण गरेका उपदफा (२) बमोजिमका सेवामा स्थानीय आवश्यकता र उपलब्ध स्रोतसाधनका आधारमा आवश्यकता अनुसार कार्यपालिकाले निर्णय गरी आधारभूत स्वास्थ्य सेवाको सूची थप गर्न सक्नेछ ।

(४) नेपाल सरकारले निर्धारण गरेको आधारभूत स्वास्थ्य सेवा सम्बन्धी मापदण्ड, सेवाहरूको विस्तृत विवरण, सेवा प्रवाह सम्बन्धी अन्य व्यवस्था र प्रकृया बमोजिम

उपदफा (२) र (३) बमोजिमका आधारभूत स्वास्थ्य सेवाको व्यवस्थापन कार्यपालिकाले गर्नेछ ।

(५) उपदफा (२) मा उल्लेख गरिएका सेवाका अतिरिक्त स्थानीय आवश्यकता अनुसार तोकिएको वर्ग, समुह, लिङ्ग वा क्षेत्रका नागरिकलाई तोकिए बमोजिमका अन्य स्वास्थ्य सेवा समेत कार्यपालिकाले निःशुल्क उपलब्ध गराउन सक्नेछ ।

(६) आधारभूत स्वास्थ्य सेवा व्यवस्थापन सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

४. <u>आधारभूत स्वास्थ्य सेवा प्रदायकः</u> (१) नगरपालिकाले देहाय बमोजिमका सरकारी स्वास्थ्य संस्था तथासमुदायमा आधारित स्वास्थ्य कार्यक्रमबाट आधारभूत तथा अन्य स्वास्थ्य सेवा सुनिश्चित गर्न सक्नेछ ।

(क) गाँउघर क्लिनिक र खोप केन्द्र,
(ख) शहरी स्वास्थ्य केन्द्र,
(ग) आधारभूत स्वास्थ्य सेवा केन्द्र,
(घ) स्वास्थ्य चौकी,
(ङ) रक्त संचार केन्द्र,
(च) प्राथमिक स्वास्थ्य केन्द्र,
(छ) आयुर्वेदिक, होमियोपेथिक तथा मान्यता प्राप्त वैकल्पीक चिकित्सालय,
(ज) नगर फार्मेसी, सार्वजनिक फार्मेसी र अस्पताल फार्मेसी,
(झ) नगर अस्पताल
(ञ) सामुदायिक अस्पताल ।

(२) आधारभूत स्वास्थ्य सेवा प्रदान गर्नको लागि आवश्यकता अनुसार नगरपालिकाले निजी, गैरसरकारी, सहकारी र सामुदायिक स्वास्थ्य संस्थासंग सहकार्य वा साझेदारी गर्न सक्नेछ ।

(३) नगरपालिका भित्र सरकारले संचालन गरेका वा आधारभूत स्वास्थ्य सेवा दिन भनि सम्झौता गरिएका स्वास्थ्य संस्थामा कुनै पनि नेपाली नागरिकलाई आधारभूत स्वास्थ्य सेवामा बन्देज गरिने छैन ।

(५) नगरपालिका स्वास्थ्य शाखाः (१) आधारभूत स्वास्थ्य सेवा तथा यस ऐन बमोजिमस्वास्थ्य सम्बन्धी नगरपालिकाको अन्य गतिविधि संचालन गर्नको लागि नगर कार्यपालिका मातहत एक स्वास्थ्य शाखा हुनेछ ।

(२) कार्यपालिकाले स्वास्थ्य सेवा प्रवाह व्यवस्थित गर्न शाखा अन्तर्गत आवश्यकता अनुसार उपशाखा र इकाईहरू बनाउन सक्नेछ । तिनको काम कर्तब्य तोकिए बमोजिम हुनेछ ।

## परिच्छेद — ३
## स्वास्थ्य संस्था स्थापना तथा सञ्चालन

(६) **स्वास्थ्य संस्था स्थापना र संचालनः** (१) नगरपालिका क्षेत्रभित्र आधारभूत स्वास्थ्य सेवा तथा अन्यस्वास्थ्य सेवा प्रदान गर्नको लागि कार्यपालिकाले देहायका स्वास्थ्य संस्था स्थापना तथा संचालन गर्न सक्नेछ ।

(क) नगर अस्पताल

(ख) प्राथमिक स्वास्थ्य केन्द्र,

(ग) स्वास्थ्य चौकी,

(घ) सार्वजनिक फार्मेसी, नगर फार्मेसी, अस्पताल फार्मेसी,

(ङ) नगर क्लिनिक,

(च) आयुर्वेद औषधालय , होमियोपेथिक औषधालय तथा मान्यता प्राप्त वैकल्पीक चिकित्सालय,

(छ) रक्त संचार केन्द्र,

(ज) आधारभुत स्वास्थ्य सेवा केन्द्र,

(झ) शहरी स्वास्थ्यकेन्द्र र

(ञ) तोकिए बमोजिमका अन्य स्वास्थ्य संस्था ।

(२) दफा ६ को उपदफा (१) बमोजिमका स्वास्थ्य संस्थाको तहगत संरचना र सेवा तथा पूर्वाधारको न्युनतम मापदण्ड संघीय सरकारले तोके बमोजिम हुनेछ ।

(३) नगरपालिकामा स्वास्थ्य सेवा संचालनको लागि आवश्यकता र औचित्यता अनुसार प्रत्येक वडामा कम्तिमा एक स्वास्थ्य संस्था रहने गरी कार्यपालिकाले स्वास्थ्य संस्थाहरू स्थापना तथा संचालन गर्न सक्नेछ ।

(४) नगरपालिकाले दफा ६ को उपदफा (१) बमोजिमका स्वास्थ्य संस्थावाट आधारभूत स्वास्थ्य सेवाका अतिरिक्त तोकिए बमोजिमका अन्य सेवाको सुनिश्चितता गर्ने छ ।

(५) सरकारी अस्पतालहरुले अनिवार्य रुपमा आफ्नै फार्मेसी सञ्चालन गरी अत्यावश्यक निःशुल्क औषधिहरुको नियमित उपलब्धता सुनिश्चित गर्नुका साथै अन्य आवश्यक औषधिहरु सुपथ मूयमा उपलब्ध गराउनु पर्नेछ ।

(६) औषधि सम्बन्धी अन्य व्यवस्था प्रचलित कानून बमोजिम हुनेछ

७. **अस्पताल व्यवस्थापन समितिः** (१) नगरपालिकाको स्वामित्व रहेको अस्पतालको व्यवस्थापन समिती देहाय बमोजिमको ११ सदस्यीय एक अस्पताल व्यवस्थापन समिति हुनेछ ।

| | |
|---|---|
| (क) नगर प्रमुख | अध्यक्ष |
| (ख) अस्पताल रहेको वडाको वडा अध्यक्ष | सदस्य |
| (ग) सामाजिक विकास समिती संयोजक | सदस्य |
| (घ) जग्गादाताहरु मध्ये वाट कार्यपालिकाले तोकेको एक जना | सदस्य |
| (ङ.) वडाअध्यक्ष मध्येवाट कार्यपालिकाले तोकेको २ जना | सदस्य |
| (च) कार्यपालिका सदस्यहरु मध्येवाट नगरप्रमुखले तोकेको महिला १ जना | सदस्य |

(छ) स्वास्थ्य क्षेत्रसंग विशेष योगदान पुर्याएका व्यक्ति मध्येवाट १ महिला सहित नगर प्रमुखले तोकेको २ जना    सदस्य

(ज) स्वास्थ्य शाखा प्रमुख    सदस्य

(झ) अस्पताल मेडिकल सुपरिडेन्डेण्ट    सदस्य सचिव

८. **स्थानीय जनस्वास्थ्य बोर्डको गठनः** (१) नगरपालिकाले जनस्वास्थ्यसँग सरोकार निकायका उच्च अधिकारीहरु तथा विज्ञहरुको संलग्नता हुने गरी निम्न बमोजिमको ९ सदस्यीय जनस्वास्थ्य बोर्ड स्थापना गर्नेछ ।

(क) नगर प्रमुख    अध्यक्ष

(ख) नगर उपप्रमुख    सदस्य

(ग) प्रमुख प्रशासकीय अधिकृत    सदस्य

(घ) सामाजिक विकास समितीको संयोजक    सदस्य

(ड.)कार्यपालिका सदस्य मध्येवाट नगरप्रमुखले तोकेको १ महिला सदस्य

(च.) कार्यपालिकावाट स्वास्थ्य क्षेत्रसंग विशेष योगदान पुयाएका जनस्वास्थ्य क्षेत्रको विज्ञ १ एक जना    सदस्य

(छ) स्थानीय निजि तथा गैर सरकारी अस्पताल वा स्वास्थ्य संस्थाका संचालकहरु मध्येवाट नगर कार्यपालिकाले तोकेको १ जना
सदस्य

(ज) स्थानीय सरकारी अस्पतालको मेडिकल सुपरिटेन्डेण्ट    सदस्य

(झ) स्वास्थ्य शाखा प्रमुख    सदस्य सचिव

(२) बोर्डको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः(क) बोर्डले देहायका कार्य गर्नेछः-

(१) स्थानीय स्तरमा स्वास्थ्य सुरक्षा, सम्बद्र्धन, सुधार र योजना सम्बन्धी नीति निर्धारण गर्ने,

(२) स्वास्थ्य सेवाको क्षेत्रमा समानुपातिक वितरणको आधारमा प्राथमिकताका क्षेत्रहरु निर्धारण गर्ने,

(३) राष्ट्रिय स्वास्थ्य योजना र नीति तर्जुमाको अनुसरण गर्ने गराउने,

(४) जनस्वास्थ्य सम्बन्धी राष्ट्रिय रणनीति, ढाँचा वा नियमनहरुलाई स्थानीय स्तरमा लागू गर्न सम्बन्धित क्षेत्र वा निकायलाई आवश्यक निर्देशन तथा अनुगमन गर्ने,

(५) रोगहरुको रोकथाम, प्रबद्र्धनात्मक कार्य लगायत जनस्वास्थ्यको सुधार सम्बन्धी कुनै पनि विषयमा प्रदेश तथा संघीय सरकार सँग आवश्यक सहयोग तथा परामर्श लिने ।

(६) तोकिए बमोजिमको अन्य कार्य गर्ने ।

(७) बोर्डले स्वास्थ्यसँग सम्बन्धित कुनै विषयमा सुझाव प्रस्तुत गर्न समिति वा उप—समिति गठन गर्न सक्नेछ ।

(८) बोर्ड सम्बन्धी अन्य कार्यविधि वोर्ड आफैंले निर्धारण गरे बमोजिम हुनेछ ।
(९) बोर्डमा मनोनीत सदस्यको पदावधि ३ बर्षको हुनेछ । यस दफामा जुनसुकै कुरा लेखिएको भए पनि आफ्नो जिम्मेजारी पुरा नगर्ने समितिका सदस्यहरुलाई कार्यपालिकाले निश्चित समय दिई समितीवाट हटाउन सक्नेछ ।
(३) नगरपालिकाको स्वामित्व रहेका वडामा रहेको अन्य स्वास्थ्य संस्थाको व्यवस्थापनको लागि देहाय बमोजिमको एक व्यवस्थापन समिति हुनेछ ।
(क) स्वास्थ्य संस्था रहेको वडाको वडा अध्यक्ष    अध्यक्ष
(ख) वडा समितीले तोकेको वडा सदस्य एक जना    सदस्य
(ख) सम्बन्धित वडामा रहेको विद्यालयका प्रमुख÷प्राचार्यमध्येवाट १ जना
सदस्य
(ग) सम्बन्धित वडाका वडा सचिव    सदस्य
(घ) सम्वन्धित वडाका आमा समुहहरु मध्ये वाट १ जना र स्वास्थ्य स्वयम सेविका मध्ये वाट १ जना वडा समितिले तोकेको २ जना सदस्य
(ड.) वडा समितिले तोकेको महिला स्वयम सेवीका मध्येवाट १ जना    सदस्य
(च) सम्वन्धित वडाको स्वास्थ्य शाखा प्रमुख    सदस्य सचिव

९. **स्वास्थ्य संस्था संचालन अनुमति लिनुपर्नेः** (१) नेपाल सरकारले निर्धारण गरेको मापदण्डका साथ तोकिएको प्रक्रिया पुरा गरेको सुनिश्चित गरी नगरपालिका क्षेत्रभित्र निजी, गैरसरकारी, सामुदायिक वा सहकारी संस्थालाई कार्यपालिकाले देहाय बमोजिमका स्वास्थ्य संस्था संचालनको लागि ईजाजत पत्र दिन सक्नेछन् ।
(क) जनरल अस्पताल, प्राथमिक अस्पताल,विषयगत सेवा केन्द्रित प्राथमिक तहका अस्पतालहरू,
(ख) स्वास्थ्य क्लिनिक,
(ग) औषधि पसल, फार्मेसी सेवा,
(घ) आयुर्वेदिक, होमियोप्याथिक क्लिनिक र औषधालय,
(ङ) पुर्नस्थापना केन्द्र,
(च) पोलिक्लिनिक,
(छ) प्रयोगशाला, मेडिकल ल्याब, डायग्नोष्टिक सेवा,
(ज) वैकल्पिक तथा प्राकृतिक चिकित्सा सम्बन्धी सेवा र
(झ) तोकिए बमोजिमका मान्यता प्राप्त अन्य स्वास्थ्य सेवा

(२) इजाजतपत्र प्राप्त नगरी गैरसरकारी वा निजी स्वास्थ्य संस्थाले स्वास्थ्यसँग सम्बन्धित कुनै पनि कार्य गर्न पाउनेछैन ।

(३) उपदफा (१) बमोजिमका स्वास्थ्य संस्थाले स्वास्थ्य संस्था सञ्चालनको अनुमति लिन वा नवीकरण गर्न दरखास्त दिनु पर्नेछ ।
(४) उपदफा (३) बमोजिम दिइने दरखास्तको ढाँचा र तिर्नु पर्ने दस्तुर तोकिए बमोजिम हुनेछ ।
(५) उपदफा (१) बमोजिमका स्वास्थ्य संस्था दर्ता गर्दा शाखाले तोकिएको प्रकृयाका साथ नेपाल सरकारले तोकेको प्रचलित मापदण्ड समेत पुरा भएको सुनिश्चित गर्नेछ ।
(६) उपदफा (१) बमोजिमका स्वास्थ्य संस्था दर्ता तथा अनुमति दिनुपूर्व नगरपालिकाकोस्वास्थ्य संस्था अनुगमन समितिले सिफारिस गर्नुपर्नेछ ।
(७) उपदफा (१) बमोजिमका स्वास्थ्य संस्थाले तोकिएको व्यहोराको वार्षिक प्रतिवेदन शाखा समक्ष पेश गरी दर्ता नविकरण वा नविकरण सिफारिस लिनुपर्नेछ
(८) कुनै कारणले स्वास्थ्य संस्था बन्द गर्नुपर्ने वा नगरपालिका क्षेत्रबाट अन्यत्र सार्नुपर्ने भएमा शाखालाई अग्रिम जानकारी गराउनुपर्ने छ ।
(९) यो ऐन जारी हुनुअघि नगरपालिका क्षेत्र भित्र संचालित निजी वा गैरसरकारी स्वास्थ्य संस्थाहरू ऐन जारी भए पश्चात कार्यपालिकाले तोकेको अवधी भित्र ईजाजत अनुमति वा दर्ता वा सूचीकृत गराउनु पर्नेछ ।

(१०) मान्यता प्राप्त परम्परागत उपचार सेवा संचालन गर्ने निकाय वा व्यक्तिले तोकिएका मापदण्ड र प्रकृया अनुरुप सेवा संचालन स्वीकृति लिनुपर्नेछ
(११) ईजाजतपत्र सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।
१०. <u>दर्ता सिफारिस लिनुपर्नेः</u> (१) नगरपालिका क्षेत्रभित्र प्रादेशिक वा संघीय तहमा ईजाजतपत्र लिएर दता भई संचालन हुने निजी, सामुदायिक तथा गैरसरकारी स्वास्थ्य संस्थाले स्थापना तथा संचालन र नवीकरणको लागि नगरपालिकाबाट सेवा संचालन पुर्व अनुमति वा दर्ता र नवीकरण सिफारिस लिनुपर्नेछ ।
(२) यसरी अनुमति वा दर्ता सिफारिस लिने निजी, सामुदायिक तथा गैरसरकारी स्वास्थ्य संस्थाले मापदण्ड बमोजिमका शर्तका अतिरिक्त आफ्नो स्वास्थ्य संस्थामा १०% संख्यामा नगरपालिका तथा वडा कार्यालयले सिफारिस गरेका असहाय, गरिव तथा विपन्न नागरिकको निःशुल्क तथा आंशिक छुटमा उपचार गर्नुपर्नेछ ।
(३) नगरपालिका क्षेत्रभित्र संचालित स्वास्थ्यसंग सम्वन्धित शिक्षण संस्थाहरू नगरपालिकामा दर्ता हुनुपर्नेछ ।

**परिच्छेद — ४**

**स्वास्थ्य संस्थाको अनुगमन र गुणस्तर**

११. **गुणस्तर र पूर्वाधारको मापदण्ड पुरा गर्नुपर्ने:** (१) नगरपालिकाले नगर क्षेत्रभित्रका सबै स्वास्थ्य संस्थाको लागि नेपाल सरकारले बनाएको मापदण्ड बमोजिम सेवा गूणस्तर मापदण्ड र पूर्वाधार मापदण्ड निर्देशिका बनाई लागू गर्नेछ ।

(२) नगरपालिका क्षेत्रभित्रका सबै स्वास्थ्य संस्थाले तोकिएको मापदण्ड अनुरुपको सेवा गुणस्तर पुरा गरेको हुनुपर्नेछ ।

१२. **अनुगमन समिति:** (१) दफा १० को उप दफा १ बमोजिमको मापदण्ड अनुरुपको सेवा र पूर्वाधार गुणस्तर कायम, अनुगमन, निरीक्षण र मूल्याङ्कन गर्नको लागि तोकीए बमोजिम एक अनुगमन समिति गठन हुनेछ ।

(२) अनुगमन समितिको काम कर्तव्य र अधिकार तोकीए बमोजिम हुनेछ ।

३) अनुगमन प्रकृया र कार्यबिधि तोकीए बमोजीम हुनेछ ।

१३. **सेवा शुल्क निर्धारण र पुनरावलोकन:** (१) कार्यपालिकाले संघीय सरकारले तोकेको मापदण्ड अनुसार नगरपालिका क्षेत्रभित्रको स्वास्थ्य सेवाको अधिकतम शुĺक निर्धारण तथा पुनरावलोकन गर्न सक्नेछ र सोको कार्यान्वयन भए नभएको नियमित अनुगमन गर्नेछ ।

(२) कुनै पनि स्वास्थ्य संस्थाले उपदफा (१) को प्रतिकूल नहुनेगरी आफ्ना सेवाको शुĺक परिवर्तन गर्दा परिवर्तन गर्नुपर्ने आधार प्रष्ट खुलाई स्वास्थ्य शाखा मार्फत कार्यपालिकालाई पूर्व स्वीकृति गराउनेछ । यसरी निर्धारित शुĺकको सूची सबै सेवाग्राहीले देख्ने स्थानमा राख्नेछ ।

## परिच्छेद — ५
## सरसफाई, अस्पताल जन्य फोहोर व्यवस्थापन तथा स्वस्थ वातावरण

१४. **सरसफाई तथा प्रदुषण रोकथाम:** (१) कुनै पनि व्यक्ति वा निकायले कुनै पनि प्रकारको फोहोर कार्यपालिकाले तोकीएको स्थानमा व्यवस्थापन गर्नुपर्नेछ ।

(२) नगरपालिका क्षेत्रभित्र जल, जमिन, वायु र ध्वनी प्रदुषणको रोकथाम गर्नु नगरपालिका क्षेत्रका सबै वासिन्दा तथा स्वास्थ्य संस्था र अन्य निकायको जिम्मेवारी हुनेछ ।

(३) कार्यपालिकाले जनस्वास्थ्यमा प्रतिकूल असर पार्ने जल, जमिन, वायु र èवनि लगायत अन्य प्रदुषण रोकथामको लागि संघीय मापदण्ड अनुसारको स्थानीय मापदण्ड तथा निर्देशिका बनाई लागू गर्न सक्नेछ ।

(४) जनस्वास्थ्यमा प्रतिकूल असर पार्ने किसिमले जल, जमिन, वायु र èवनि लगायत अन्य प्रदुषण गरेको पाइएमा कार्यपालिकाले प्रचलित कानून बमोजिम कारवाही गर्न सक्नेछ ।

(५) कार्यपालिकाले सामुदायिक सरसफाई सम्बन्धी निर्देशिका बनाई लागू गर्नेछ ।

(६) फोहोरमैला व्यवस्थापनले मानव स्वास्थ्यमा पारेको वा पार्ने प्रभावको जाँच परिक्षण र अनुसन्धान गर्ने अधिकार सम्बन्धित जनस्वास्थ्य अधिकारीसँग हुनेछ ।

(७) जाँच परिक्षणमा कुनै निकायमा फोहोरमैला व्यवस्थापन प्रभावकारी हुन नसकी मानव स्वास्थ्यमा प्रतिकूल प्रभाव पारेको भेटिएमा सम्बन्धित जनस्वास्थ्य अधिकारीले उक्त निकायलाई समयमै सचेत गराई आवश्यक कारवाहीका लागि सिफारिस गर्नेछ ।

१५. **अस्पताल जन्य फोहोरमैला व्यवस्थापनः** (१) अस्पताल जन्य फोहोरमैलाको छुट्टाछुट्टै संकलन, पुनः उपयोग, प्रशोधन, विसर्जन र सोको सेवा शुल्क निर्धारण र नियमनको लागि तोकीए बमोजीम हुनेछ ।

(२) कार्यपालिकाले स्वास्थ्य क्षेत्रवाट निस्कासित अस्पताल जन्य फोहोरमैला व्यवस्थापनमा निजी तथा गैह्रसरकारी क्षेत्रसंग समेत सहकार्य र साझेदारी गर्न सक्नेछ ।

## परिच्छेद — ६
## जनस्वास्थ्य निरीक्षण र प्रवर्द्धन

१६.**जनस्वास्थ्य निरीक्षणः** (१) जनस्वास्थ्यमा प्रतिकूल असर पार्ने गतिविधि र वस्तुबाट आमजनतालाई सुरक्षित गर्नको लागि त्यस्ता गतिविधि र वस्तुको अनुगमन, नियमन र नियन्त्रण गर्नेछ ।

(२) खाद्य, वातावरण, पानी लगायत जनस्वास्थ्यका अन्य पक्षहरूको गुणस्तर अनुगमन तथा निरीक्षण गर्न कार्यपालिकाले संघ तथा प्रदेशसंगको समन्वयमा आवश्यक मात्रामा जनस्वास्थ निरीक्षकहरू परिचालन गर्न सक्नेछ ।

(३) जनस्वास्थ्य निरीक्षणको क्रममा कुनै व्यक्ति वा संस्थाले यस ऐनको परिच्छेद थ वा परिच्छेद ६ को उल्लङ्घन गरी जनस्वास्थ्यमा प्रतिकूल असर पर्ने गतिविधि गरेको पाइएमा सम्बन्धित निरीक्षकले वस्तु स्थितिको मुचुल्का बनाई र उक्त गतिविधि तत्कालको लागि सो कार्य स्थगन गराई कारवाहीका लागि सिफारिस गर्नेछ ।

१७. **खाद्य तथा पानीको गुणस्तरः** (१) प्रचलित संघीय र प्रादेशिक मापदण्डको आधारमा नगरपालिका क्षेत्रभित्र उत्पादन, प्रशोधन, विक्रि तथा वितरण हुने खानेपानी तथा खाद्य सामग्रीको गुणस्तर मापदण्डका साथै त्यसका विक्रेता वा आपूर्ति कर्ताको मापदण्ड तोकीए बमोजीम हुनेछ ।

(२) संघीय तथा प्रादेशिक तहबाट स्थापित खानेपानी तथा खाद्य सामग्री गुणस्तर मापदण्डको आधारमा स्थानीय मापदण्ड बनाई खानेपानी तथा खाद्य सामग्रीका विक्रेता तथा आपूर्तिकर्तालाई संचालन अनुमति दिनेछ ।

(३) नियमित रूपमा मापदण्ड पालना भए÷नभएको सन्दर्भमा सम्बन्धित निरीक्षक खटाई अनुगमन तथा निरीक्षण गर्नेछ ।

१८. **अखाद्य पदार्थ, मदिरा तथा सुर्तीजन्य पदार्थको नियमनः** (१) नगर कार्यपालिकाले सुर्ती वा सुर्ती जन्य वस्तु, मदिरा तथा अखाद्य पदार्थलाई नियमन गर्न नेपाल सरकारले तोकेको मापदण्डलाई

आधार मानी सुर्ती वा सुर्ती जन्य वस्तु, मदिरा तथा अखाद्य पदार्थको विक्री तथा वितरणलाई नियमन, नियन्त्रण व्यबस्थित र मर्यादित बनाउन निर्देशिका बनाई कार्यान्वयन गर्नेछ ।

(२) सुर्ती तथा मदिराजन्य पदार्थ विक्रि वितरणका लागि नगरपालिकावाट छुट्टै ईजाजतपत्र लिनुपर्नेछ ।

(३) खाद्य पदार्थ विक्रि गर्ने पसलमा सुर्ती तथा मदिराजन्य पदार्थ वितरण गर्न बन्देज लगाउन सक्नेछ ।

(४) सुर्ती तथा मदिराजन्य पदार्थ विक्रि वितरण र प्रयोगमा नियन्त्रण एवं न्युनिकरण गर्न नगरपालिकाले निशेधित र विक्रि वितरणका लागि खुला क्षेत्र तोक्न सक्नेछ ।

(५) नगरपालिका भित्र मदिरा, चुरोट, सुर्ती वा सुर्तीजन्य पदार्थ लगायत मानव स्वास्थ्यलाई गम्भीर असर गर्ने सामग्रीको विज्ञापन गर्न पाइने छैन ।

(६) १८ वर्ष मुनिका वालवालिकालाई सुर्तीजन्य वा मदिरा जन्य पदार्थ विक्री वितरण गर्न पाइने छैन ।

(७) विद्यालय, स्वास्थ्यसंस्था लगायत कार्यपालिकाले तोकेका स्थानमा जंक फुड, मदिरा तथा सुर्ति वा सुर्तीजन्य पदार्थको विज्ञापन, प्रचार प्रसार, ओसार पसार, विक्री, वितरण र उपभोग गर्न निषेधित गरिनेछ ।

## परिच्छेद — ७
## स्वास्थ्य पूर्वाधार र जनशक्ति व्यवस्थापन

१९. **स्वास्थ्य पुर्वाधार र मापदण्डः** कार्यपालिकाले आफ्नो स्वामीत्वा रही संचालनमा आएका स्वास्थ्य संस्थामा उपलब्ध स्वास्थ्य सम्बन्धी भौतिक पूर्वाधारको पुनः निर्माण तथा औजार उपकरणको संरक्षण र सम्वर्धन गर्नेछ ।

२०. **जनशक्तिको व्यवस्थापनः** (१) नगरपालिकाको स्वामीत्व रहेकास्वास्थ्य संस्था मार्फत आधारभूत स्वास्थ्य सेवा प्रवाहको लागि देहाय बमोजिमको जनशक्ति रहनेछ ।

(क) स्थायी,

(ख) करार,

(ग) अभ्यास कर्ता,

(घ) स्थानीय महिला स्वास्थ्य स्वयं सेविका,

(ङ) सशुल्क स्वंय सेवक

(च) निशुल्क स्वंय सेवक

(२) जनशक्ति व्यवस्थापन सम्बन्धी अन्य व्यवस्था प्रचलित कानुन र तोकिए बमोजिम हुनेछ

२१. **कार्य सम्पादन करार गर्नुपर्नेः** स्वास्थ्य सेवालाई प्रभावकारी बनाउन कार्यपालिकाले स्वास्थ्य जनशक्तीहरुसंग छुट्टाछुट्टै कार्यसम्पादन करार गर्न सक्नेछ ।

## परिच्छेद — ८

## विपद व्यवस्थापन र जनस्वास्थ्य आपतकाल

२२. **विपद व्यवस्थापन संयन्त्र:** (१) कार्यपालिकाले सम्भावित महामारी लगायतका जनस्वास्थ्य विपदहरुको पूर्वतयारी जांचपड्ताल, व्यवस्थापन र जोखिम न्युनिकरणको लागि उपयुक्त संयन्त्र सहितको प्रवन्ध गर्नेछ र सो सम्वन्धी कार्यविधी तोकीए वमोजिम हुनेछ ।

(२) महामारी वा जनस्वास्थ्यमा अन्य कुनै गम्भीर खतरा देखिएमा तोकीए बमोजिम हुनेछ ।

## परिच्छेद ९
## औषधि तथा स्वास्थ्य उपकरणको खरिद, भण्डारण, वितरण तथा नियमन

२३. **औषधि खरिद, भण्डारण र वितरण सम्बन्धी व्यवस्था:** (१) नगरपालिकालाई आवश्यक पर्ने औषधि तथा स्वास्थ्यजन्य उपकरणको खरिद, भण्डारण र वितरण गर्नेछ ।

(२) उपदफा (१) वमोजिमको औषधि तथा स्वास्थ्यजन्य उपकरणको खरिद गर्दा सार्वजनिक खरिद ऐन र औषधि सम्वन्धी प्रचलित ऐन कानून बमोजिम हुनेछ ।

२४. **नियमन:** कार्यपालिकाले संघीय तथा प्रादेशिक तहका प्रचलित कानून समेतलाई आधार मानी नगरपालिका क्षेत्रभित्र औषधिको विक्रि, वितरण तथा प्रयोगको नियमन गर्नेछ ।

## परिच्छेद - १०
## साझेदारी र सहकार्य

२५. **साझेदारी र सहकार्य गर्न सक्ने:** (१) कार्यपालिकाले आधारभूत तथा अन्य स्वास्थ्य सेवा प्रवाह गर्न तथा यस ऐनको कार्यान्वयन गर्न प्रचलित कानूनको अधीनमा रही आवश्यकता अनुसार स्थानीय, प्रादेशिक तथा संघीय तहमा कार्यरत निजी, सरकारी, सामुदायिक तथा गैरसरकारी संघसंस्था तथा निकाय संग सहकार्य गर्न सक्नेछ

(२) उपदफा (१) बमोजिमको सहकार्य गर्न कार्यपालिकाले अन्य नगरपालिकासंग लक्षित जनसंख्याको अनुपातको आधारमा वा सेवाग्राही संख्याको अनुपातको आधारमा खर्च बांडफांड गर्ने गरी संयुक्त सेवा सम्झौता गर्न सक्नेछ ।

२६. **विद्यालय स्वास्थ्य सेवा:** नगरपालिकाले सामुदायिक विद्यालयमा स्वास्थ्य सेवा प्रदान गर्न संघ, प्रदेश र स्थानीय तहको समन्वयमा विद्यालय नर्सको व्यवस्था गर्न सक्नेछ ।

२७. **घुम्ती शिविर सम्बन्धी व्यवस्था:** (१) नगरपालीका क्षेत्र भित्र स्वास्थ्य सम्बन्धी घुम्ती शिविर, तालीम, गोष्ठी, सेमीनार कार्यक्रमहरु सञ्चालन गर्न शाखाबाट अनुमति लिनु पर्नेछ ।

(२) घुम्ती स्वास्थ्य शिविर वा सेवाहरु प्रदान गर्दा पूरा गर्नु पर्ने प्रकृया र मापदण्ड कार्यपालिकाले तोकेबमोजिम हुनेछ ।

(३) अनुमती नलिइ उप दफा (१) बमोजिम कार्य गरेमा कार्यपालिकाले उपयुक्त कारवाही गर्नेछ ।

## परिच्छेद — ११

## तथ्यांक र अभिलेख

२८. **तथ्याङ्क संकलन र अभिलेखिकरण:** (१) नगरपालिकाले आफ्नो क्षेत्रमा घरपरिवार तहसम्मका स्वास्थ्य सम्बन्धी तथ्यांक र अभिलेख संकलन गरी नियमित रूपमा अद्यावधिक गर्नेपद्धति विकास गर्नेछ।

(२) नगरपालिका क्षेत्रभित्रका सबै स्वास्थ्य संस्थाले तोकिएको ढाँचामा तथ्यांक र अभिलेख नियमित रुपमा अद्यावधिक गर्ने गराउने सन्दर्भमा तोकीए बमोजिम हुनेछ ।

२९. **जानकारी पाउने हक:** विरामीलाई आफ्नो उपचार सम्बन्धी सम्पुर्ण जानकारी पाउने हक हुनेछ । सो जानकारी उपलब्ध गराउनु स्वास्थ्य संस्थाको कर्तव्य हुनेछ ।

## परिच्छेद — १२

## आकस्मिक स्वास्थ्य सेवा

३०. **आकस्मिक सेवाबाट बन्देज नगरिने:** (१) नगरपालिका क्षेत्रमा संचालित कुनै पनि स्वास्थ्य संस्थामा कुनै पनि बिरामी व्यक्तिलाई आकस्मिक स्वास्थ्य सेवा प्राप्त गर्न बन्देज गरिने छैन ।

(२) स्वास्थ्य सेवा प्रदायक वा स्वास्थ्यकर्मीले आवश्यकता अनुसार कुनै पनि ब्यक्तिलाई जीवन रक्षा गरी स्थिर अवस्थामा ůयाउने सम्म आकस्मिक उपचार गर्नु प्रत्येक स्वास्थ्य संस्था एंव स्वास्थ्यकर्मीको कर्तव्य र दायित्व हुनेछ ।

(३) स्वास्थ्य संस्थाले आकस्मिक स्वास्थ्य सेवा व्यवस्थित गर्नको लागि बिरामीको अवस्थाको गम्भीरताको आधारमा वर्गीकरण गरी प्राथमिकता तोकी उपचार गर्न सक्नेछ ।

(४) उपदफा (१) को आकस्मिक उपचार खर्च व्यवस्थापन गर्नको लागि नगरपालिकाले छुट्टै आकस्मिक उपचार कोषको व्यवस्था गर्नेछ । उक्त कोषको संचालन तोकीए बमोजीम हुनेछ ।

३१. **एम्बुलेन्स तथा शववाहन सेवा:** (१) नगरपालिकाले आफ्नै स्रोतबाट वा अन्य निकायसंगको सहकार्यमा एम्बुलेन्स तथा शववाहन सेवा संचालन गर्न सक्नेछ ।

(२) शाखाले नगरपालिका क्षेत्रभित्र आधारित भई संचालन हुने एम्बुलेन्स तथा शववाहनहरू नेपाल सरकारले तोकेको मापदण्ड अनुरूप भए नभएको अनुगमन तथा नियमन गर्नेछ ।

(३) नगरपालिका क्षेत्रभित्र संचालन हुने एम्बुलेन्स तथा शववाहनहरू संचालकले शाखामा दर्ता तथा वार्षिक नवीकरण गराउनु पर्नेछ ।

(४)नगरपालिकाले अन्य स्थानीय तहसंगको सहकार्यमा एम्बुलेन्स संजाल निर्माण गर्न सक्नेछ।

(५)उपदफा ३ बमोजिम दर्ता तथा नवीकरण नभएका एम्बुलेन्स तथा शववाहन सन्चालन गरिएको पाईएमा कार्यपालिकाले नियन्त्रणमा लिन सक्नेछ ।

## परिच्छेद — १३

## प्रेषण तथा उपचार प्रणाली

३२. **प्रेषण तथा उपचार प्रणाली:** (१) स्वास्थ्य सेवा प्राप्त गर्नको लागि सेवाग्राही आफ्नो अनुकूल पायक पर्ने स्वास्थ्य संस्थामा उपस्थित हुन सक्नेछ ।

(२) उपदफा (१) बमोजिम उपचारको लागि आएको सेवाग्राहीलाई उपचार प्रदान गर्न नसकिने अवस्था भएमा त्यस्तो स्वास्थ्य संस्थाले तुरुन्त त्यस्तो सेवाग्राहीलाई उपचार प्रदान गर्न सक्ने स्वास्थ्य संस्थामा प्रेषण गर्नु पर्नेछ ।

(३) कार्यपालिकाले संघीय तथा प्रादेशिक कानुन, नियम तथा मापदण्ड समेत ध्यानमा राखी विभिन्न स्वास्थ्य संस्थामा हुने उपचार प्रणालीलाई संयोजन गर्न प्रेषण प्रणाली लागू गर्नेछ ।

## परिच्छेद — १४

## सेवाग्राहीको कर्तव्य र सेवा प्रदायकको दायित्व

३३. **सेवाग्राहीको कर्तव्य:** (१) सेवा प्रदायक संस्था, व्यक्ति तथा स्वास्थ्यकर्मीलाई मर्यादित एवं शिष्ट व्यवहार गर्नु प्रत्येक नागरिकको कर्तव्य हुनेछ ।

३४. सेवा प्रदायक र स्वास्थ्यकर्मीको दायित्वः (१) सेवाग्राहीलाई शिष्ट र मर्यादित रुपमा स्वास्थ्य सेवा प्रदान गर्नु सेवा प्रदायकको दायित्व हुनेछ ।

(२) यस ऐन बमोजिम स्वास्थ्यकर्मीले उपचार गर्दा सबै सेवाग्राही प्रति समान व्यवहार गर्ने र भेदभाव नगरी सेवा दिनु सबै स्वाथ्यकर्मीको कर्तव्य हुनेछ ।

(३) उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि विरामीको अवस्थाको आधारमा सेवा प्रदायकले उपचार गर्दा प्राथमिकिकरण गर्न सक्नेछ ।

(४) स्वास्थ्यकर्मीलाई पेशागत सुरक्षा र कार्यमैत्री वातावरणको हक हुनेछ ।

३५. स्वास्थ्य सेवा अवरुद्ध गर्न नपाइनेः नगर क्षेत्र भित्रका स्वास्थ्य सेवा कुनै पनि स्वास्थ्य संस्थामा नियमित र आकस्मिक सेवा अवरुद्ध गर्न पाईने छैन ।

## परिच्छेद - १५

## दण्ड, जरिवाना र क्षतिपुर्ति

३६. **कसूर गरेको मानिने:** (१) कसैले देहाय बमोजिमका कार्य गरेमा यो ऐन अन्तर्गतको कसूर गरेका मानिनेछः

(क) दफा ८ बमोजिम ईजाजतपत्र नलिई स्वास्थ्य संस्था सञ्चालन गरेमा,

(ख) दफा ४ (३) र दफा ३४ बमोजिम स्वास्थ्य संस्थाले आधारभूत स्वास्थ्य सेवा तथा स्वास्थ्य संस्थामा उपलब्ध हुने आकस्मिक सेवा अवरुद्ध गरेमा,

(ग) दफा ३३(२) बमोजिम सेवाग्राहीलाई समान व्यवहार नगरेमा,

(घ) स्वास्थ्यकर्मी वा सेवा प्रदायकलाई यो ऐन अन्तर्गतको कर्तव्य निर्वाह गर्न बाधा व्यवधान उत्पन्न गरेमा,

(ङ) स्वास्थ्यकर्मी वा स्वास्थ्य संस्थालाई यो ऐन बमोजिम सूचना वा जानकारी गराउनु पर्ने व्यक्तिले त्यस्तो सूचना वा जानकारी उपलब्ध नगराएमा,

(च) स्वास्थ्यकर्मी वा सेवाप्रदायकलाई जानीजानी गलत सूचना उपलब्ध गराएमा,

(छ) यो ऐन तथा यस ऐन अन्तर्गत बनेको नियम, मापदण्ड, निर्देशका तथा कार्यविधि बमोजिम जारी भएको सूचना पालना नगरेमा,

(ज) यो ऐन तथा यस ऐन अन्तर्गत बनेको नियम, मापदण्ड, निर्देशिका तथा कार्यविधि विपरितको अन्य कुनै कार्य गरेमा,

(झ) सेवा अवरुद्ध गरेमा।

(२) उपदफा (१) को खण्ड (क) बमोजिमको कसूर गरेमा संघीय जनस्वास्थ्य सेवा ऐन बमोजिम हुनेछ,

३७. **जरिवाना:** (१) दफा ३५ को उपदफा (१)को खण्ड (ख), (ग), (घ), (ङ), (च), (छ), (ज) र (झ) बमोजिमको कसूर गरेमा नगरकार्यपालिकाले पच्चीस हजारसम्म जरिवाना गर्न सक्नेछ।

(२) दण्ड, सजाय र जरिवाना सम्बन्धी अन्य ब्यबस्था प्रचलित कानून बमोजिम हुनेछ

३८. **क्षतिपुर्ति दिनुपर्ने:** (१) नगरपालिका भित्र कुनै व्यक्ति वा संस्थाले यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियम, निर्देशिका वा मापदण्ड विपरितका गतिविधिले अन्य व्यक्तिको स्वास्थ्यमा प्रत्यक्ष रूपमा प्रतिकूल असर गरेमा त्यस्तो कार्यबाट पिडित व्यक्ति वा संस्थाले आफूलाई पुग्न गएको क्षति बापत कार्यपालिका वा तोकिएको निकायबाट क्षतिपूर्ति भराई पाउन निवेदन दिन सक्नेछ ।

(२) उपदफा (१) बमोजिम परेको निवेदन सम्बन्धमा छानबिन तथा जाँचबुझ गर्दा निवेदकलाई हानी नोक्सानी भएको ठहरेमा क्षतिको यकिन गरी त्यसरी हानि नोक्सानी पुर्याउने व्यक्ति वा संस्था बाट पिडितलाई मनासिब क्षतिपूर्ति भराई दिनु पर्नेछ ।

३९. **पुनरावेदन दिन सक्ने:** दफा ३६ बमोजिम गरेको जरिवाना र नगरकार्यपालिकाले आफैं क्षतीपुर्ती भराउने बिषयका निर्णय उपर चित्त नबुझ्ने पक्षले त्यस्तो आदेश भएको मितिले ३५ दिनभित्र सम्बन्धित जिल्ला अदालतमा पुनरावेदन दिन सक्नेछ ।

४०. **स्वास्थ्य सम्वन्धी योजना तर्जुमा र कार्यक्रम संचालन गर्ने:** स्वास्थ्य सम्वन्धी योजना र कार्यक्रमका संचालन स्थानीय जनस्वास्थ्य वोर्डले तर्जुमा गरे बमोजिम हुनेछ ।

४१. समन्वय तथा सहयोग गर्ने: राष्ट्रिय तथा प्रादेशिक जनस्वास्थ्य अभियानमा स्थानीय तहले सहयोग पुर्याउने छ।

## परिच्छेद - १६
## विविध

४२. **पोषण कार्यक्रम संचालन गर्नेः** (१) पोषण सुरक्षा कार्यक्रमको संचालन र प्रवद्र्धन गर्नेछ ।
(२) स्तनपान प्रवर्द्धन कार्यक्रम संचालन गर्नेछ ।
(३) नगरपालिका क्षेत्रभित्र कुपोषणको पहिचान, न्यूनिकरण, रोकथाम, नियन्त्रण र व्यवस्थापनका साथै अति कुपोषित वालवालिकाको पुनस्थापनाको कार्यक्रम संचालन गर्न सक्नेछ ।

४३. **सामाजिक सुरक्षा र स्वास्थ्य बिमाः** (१) नगरपालिका क्षेत्रका सबै नागरीकलाई स्वास्थ्य वीमा ऐनले तोकीए बमोजिम स्वास्थ्य विमामा आवद्ध गराउनु दायित्व हुनेछ ।
(२) कार्यपालिकाले सम्बन्धित निकायसँगको सहकार्यमा सामाजिक सुरक्षा सम्बन्धी जनचेतनाका कार्यक्रम संचालन गर्न सक्नेछ ।
(३) विपन्न तथा तोकिएका अन्य लक्षित समुहको स्वास्थ्य विमा गराउन र अन्य सामाजिक सुरक्षाका कार्यक्रममा सहभागी गराउन आर्थिक व्यवस्थापनको लागि प्रादेशिक तथा संघीय तहका निकायहरूसँग समन्वय गर्नेछ ।
(४) महिला, बालबालिका, किशोरकिशोरी, दलित, अपाङ्गता भएका व्यक्ति, अशक्त, ज्येष्ठ नागरिक र अन्य लक्षित समुहहरुका लागि कार्यविधि बनाई कार्यपालिकाले विशेष सामाजिक स्वास्थ्य सुरक्षा कार्यक्रमहरु संचालन गर्न सक्नेछ ।

४४. **नियम बनाउन सक्नेः** यस ऐनको कार्यन्वयनको लागि नगर कार्यपालिकाले आबश्यक नियम बनाउन सक्नेछ र त्यस्तो नियम नगरपालिकाले स्थानीय राजपत्रमा प्रकाशन भएपछि लागू हुनेछ ।

४५. **मापदण्ड, निर्देशिका र कार्यविधि बनाउन सक्नेः** यस ऐनको कार्यन्वयनको लागि कार्यपालिकाले आवश्यक मापदण्ड, निर्देशिका र कार्यविधि बनाउन सक्नेछ ।

४६. अधिकार प्रयोग गर्न सक्नेः यस ऐनमा नगर सभाले गर्ने भनि तोकेको बाहेक अन्य अधिकारहरू कार्यपालिकाले प्रयोग गर्न सक्नेछ ।

४७. **प्रचलित कानून वमोजिम हुनेः** यस ऐनमा लेखिए जति विषय यसै ऐन बमोजिम र यस ऐनमा नतोकिएका विषयको हकमा प्रचलित कानून बमोजिम हुनेछ ।

४८. **परामर्श लिन सक्नेः** कार्यपालिका, नगर सभा वा शाखाले यस ऐनको कार्यान्वयनको लागि सम्बन्धित विषयका विज्ञसँग सल्लाह र परामर्श लिन सक्नेछ ।

४९. **अधिकार प्रत्यायोजन गर्न सक्नेः** कार्यपालिकाले यस ऐन अन्तर्गत तोकिएका जिम्मेवारी तथा अधिकार शाखामा प्रत्यायोजन गर्न सक्नेछ ।

५०. **खारेजी तथा बचाउः** यस ऐन जारी हुँदाको बखत कुनै पनि स्वास्थ्य संस्थाले प्रचलित कानून अनुसार सम्बन्धित निकायबाट अनुमति लिई सेवा संचालन गरिरहेको र नविकरण म्याद समाप्त नभएकोमा सो अवधी समाप्त नभए सम्मका लागि यसै ऐन बमोजिम

नविकरण भए गरेको मानिने छ साथै यो ऐन लागू हुन भन्दा अगावै भए गरेका काम कारवाही यसै ऐन बमोजिम भए गरेको मानिने छ ।

अर्जुनधारा राजपत्र

## अर्जुनधारा नगरपालिकाको केही ऐन संशोधन गर्ने ऐन,२०७९

सभाबाट पारित मितिः २०७९/११/१४

**प्रस्तावनाः** अर्जुनधारा नगरपालिकाबाट पारित भएका केही ऐनका प्रावधानहरु प्रचलित नेपाल कानून बमोजिम मिलान गरी संशोधन गर्नु आवश्यक भएकाले,

अर्जुनधारा नगरपालिकाको बाह्रौं नगर सभाले यो ऐन बनाएको छ ।

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यो ऐनको नाम अर्जुनधारा नगरपालिकाको केही ऐन संशोधन गर्ने ऐन,२०७९ रहनेछ ।

(२) यो ऐन नगर राजपत्रमा प्रकाशन भए पश्चात लागू हुनेछ ।

२. परिभाषाः विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस ऐनमा,

(१) कृषि व्यसाय प्रवर्द्धन ऐन, २०७९ भन्नाले अर्जुनधारा नगरपालिकाको आठौं नगर सभाबाट पारित कृषि व्यवसाय प्रवर्द्धन ऐन,२०७७ लाई सम्झनु पर्दछ ।

(२) शिक्षा ऐन,२०७९ भन्नाले अर्जुनधारा नगरपालिकाको आठौं नगर सभाबाट पारित अर्जुनधारा नगरपालिकाको शिक्षा ऐन, २०७९ लाई सम्झनुपर्दछ ।

२. **मूल ऐनमा संशोधनः** (१) शिक्षा ऐन, २०७७ को,

क. दफा १४ को उपदफा (२) मा देहाय बमोजिमको प्रतिबन्धात्मक वाक्यांश थपिएको छः " यस ऐन बमोजिम स्थापना हुने शैक्षीक गुठी अन्तर्गत सञ्चालित संस्थागत विद्यालय बन्द भएमा सो विद्यालयको सम्पत्ति नेपाल सरकारको हुनेछ ।"

ख. दफा २६ को उपदफा (३) खारेज गरिएको छ ।

(२) कृषि व्यवसाय प्रवर्द्धन ऐन, २०७७ को

क. दफा ३१ को उपदफा (१) को बुँदा नं (ख) र (ग) झिकिएको छ ।

आज्ञाले,<br>
गीताकुमारी राई<br>
अर्जुनधारा नगरपालिका<br>
नगर कार्यपालिकाको कार्यालयको<br>
प्रमुख प्रशासकीय अधिकृत